# नेपाल सरकार, मन्त्रिपरिषद्का २०८२ साउन २६ गतेका निर्णयहरू

| क्र.सं | मन्त्रालय | विषयको सङ्क्षिप्त व्यहोरा |
|---|---|---|
| १ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | A Study Tour on Inter-Governmental Cooperation and Competition in the Swiss Federal System विषयक कार्यक्रममा सहभागी हुन २०८२ भदौ १५ देखि २१ गतेसम्म मधेश प्रदेशका मुख्यमन्त्री माननीय सतिशकुमार सिंहको स्वीट्जरल्याण्ड भ्रमण स्वीकृत गर्ने। |
| २ | अर्थ मन्त्रालय | २०८२ असोज ६ गतेदेखि १० गतेसम्म फिलिपिन्समा आयोजना हुने Asian Organization of Supreme Audit Institutions (ASOSAI) Brokering Upscaled SAI Support (BUSS) Workshop मा सहभागी हुन उपमहालेखापरीक्षक श्री बिन्दु विष्टलाई स्वीकृति दिने। |
| ३ | अर्थ मन्त्रालय | दक्षिण कोरिया सरकारबाट गण्डकी प्राविधिक शिक्षालयको पूर्वाधार विकास परियोजनाका लागि प्राप्त हुने ९० लाख अमेरिकी डलर (करिब १ अर्ब २५ करोड नेपाली रूपियाँ मात्र) अनुदान सहायता स्वीकार गर्ने। |
| ४ | उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | आर्थिक वर्ष २०८२/८३ को लागि मोटा धानको प्रति क्विन्टल रु. ३४६३।८१ र मध्यम धानको प्रति क्विन्टल रु. ३६२८।३३ न्यूनतम समर्थन मूल्य तोक्ने। |
| ५ | ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय | २०८२ भदौ ३१ देखि असोज २ गतेसम्म गणतन्त्र कोरियाको सिओल शहरमा आयोजना हुने Global Infrastructure Cooperation Conference 2025 कार्यक्रममा माननीय ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रीलाई सहभागी हुन स्वीकृति दिने। |
| ६ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | राष्ट्रिय सहकारी नियमन प्राधिकरणको रिक्त विज्ञ सदस्यमा डा. रमेश प्रसाद चौलागाई,भक्तपुरलाई नियुक्त गर्ने। |
| ७ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | नेपाल सरकारको नाममा दर्ता कायम रहेको बाजुरा जिल्ला साविक बाँधु गा.वि.स. वडा नं. ४ को ७४८५ वर्गमिटर सरकारी प्रकृतिको जग्गा प्रशासकीय भवन निर्माणका लागि हिमाली गाउँपालिका, बाजुरालाई उपयोग गर्न स्वीकृति दिने। |
| ८ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | नेपाल सरकारको नाममा दर्ता स्रेस्ता कायम रहेको तेह्रथुम जिल्ला साविक म्याङलुङ गा.वि.स. वडा नं. ९ को ०-१४-०-२ जग्गा राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय तेह्रथुमको कार्यालय भवन निर्माणका लागि प्रयोग गर्न स्वीकृति दिने। |
| ९ | भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | बाजुरा जिल्ला साविक बाँधु गा.वि.स. वडा नं. ४ को २३०५५ वर्गमिटर जग्गा धुलाचौर स्वास्थ्य सेवा केन्द्रको भवन निर्माणका लागि हिमाली गाउँपालिका,बाजुरालाई प्रयोग गर्न स्वीकृति दिने। |

| | | |
|---|---|---|
| १० | भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय | २०८२ भदौ २४ देखि २६ गतेसम्म फिलिपिन्सको मनिलामा आयोजना हुने Ministerial Roundtable Session during the Asia-Pacific Regional Road Safety Conference मा सहभागी हुन माननीय भौतिक पूर्वाधार तथा यातायात मन्त्रीलाई स्वीकृति प्रदान गर्ने। |
| ११ | रक्षा मन्त्रालय | नेपाली सेनाका एकजना उपरथीको वैदेशिक भ्रमण स्वीकृत गर्ने र एक जना सहायक रथीको पदावधि थप गर्ने। |
| १२ | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | School Meals Coalition को आयोजनामा ब्राजिलको फोर्टालेजामा २०८२ असोज २ देखि ३ गतेसम्म आयोजना हुने Second Global Summit of the School Meals Coalition मा सहभागी हुन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सचिवलाई स्वीकृति प्रदान गर्ने। |
| १३ | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयअन्तर्गत स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्र; राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान, भैंसेपाटी; व्यावसायिक प्रशिक्षण केन्द्र, बुटवल र व्यावसायिक प्रशिक्षण केन्द्र, ईटहरीको लागि आ.व २०८२/८३ मा आवश्यक पर्ने अधिकृतस्तरका ७२५ अस्थायी दरबन्दी स्वीकृत गर्ने। |
| १४ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | २०८२ असोज ७ देखि १७ गतेसम्म क्यानाडाको मन्ट्रियलमा आयोजना हुने International Civil Aviation Organization (ICAO) को Forty-Second Session of the Assembly मा सहभागी हुन माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रीलाई स्वीकृति दिने। |
| १५ | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय | राष्ट्रिय समाचार समितिको रिक्त महाप्रबन्धक पदमा श्री सन्दीप राई, पाँचथरलाई नियुक्त गर्ने। |
| १६ | सार्वजनिक खरिद ऐन, २०६३ अन्तर्गत बाधा अड्काउ फुकाउ आदेश जारी गर्ने र सेवाप्रदायक मार्फत सार्वजनिक पूर्वाधारको सञ्चालन, व्यवस्थापन र मर्मत सेवा खरिद गर्ने सम्बन्धी निर्देशिका, २०८२ स्वीकृत गर्ने। | |
| १७ | नागढुङ्गा सुरुङमार्गको उपभोग दस्तुर तोक्ने।<br>(कार/भ्यानहरूको काठमाडौं आउँदा रु.६५ र जाँदा रु.६०, मिनी बस/ट्रकको काठमाडौं आउँदा रु.११५ र जाँदा रु.८०, बस/ट्रकको काठमाडौं आउँदा रु.२६० र जाँदा रु.२००, भारी उपकरणको काठमाडौं आउँदा रु.६०० र जाँदा रु.२५०) | |
| १८ | राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स (ए.आई.) नीति, २०८२ स्वीकृत गर्ने। | |